# नेपाल विद्युत प्राधिकरण
## योजना, अनुगमन तथा सुचना प्रविधि निर्देशनालय
## विद्युत व्यापार विभाग

## जलविद्युत आयोजनाहरुको विद्युत खरीद बिक्री सम्झौताबारे प्रवर्द्धकहरुलाई सूचना

मिति : २०८०।११।१५

नेपाल विद्युत प्राधिकरण, सञ्चालक समितिको मिति २०८०।१०।२४ को ९६३ औं बैठकबाट दश (१०) मेगावाटसम्म जडित क्षमता भएका नदी प्रवाह र अर्ध जलाशययुक्त जलविद्युत आयोजनाहरु तथा विद्युत खरीद बिक्री सम्झौता भईसकेका आयोजनाहरुको क्षमता वृद्धि गर्ने सम्बन्धमा देहायबमोजिम निर्णय भएको हुँदा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

१. साना लगानीकर्ताहरुलाई विद्युत आयोजना निर्माणमा प्रोत्साहन गर्न PPA को सीमा (Quota) को अधिनमा नरहने गरी ग्रिड कनेक्सन एग्रिमेन्ट सम्पन्न भएका वा हुने आयोजनाहरुमध्ये दश (१०) मेगावाटसम्म जडित क्षमता भएका RoR तथा PRoR जलविद्युत आयोजनाहरुलाई लिउ वा तिर (Take or Pay) प्रावधानमा विद्युत खरिद बिक्री सम्झौता गर्ने ।

२. विद्युत खरीद बिक्री सम्झौता सम्पन्न भइसकेका RoR तथा PRoR जलविद्युत आयोजनाहरुको हकमा बढिमा २५ प्रतिशतसम्म क्षमता अभिवृद्धि हुँदासमेत PPA को सीमाको अधिनमा नरहने गरी लिउ वा तिर (Take or Pay) प्रावधानमा राखी विद्युत खरिद बिक्री सम्झौता संशोधन गर्ने ।

अतः उपरोक्त निर्णय बमोजिम हुनेगरी PPA वा PPA मा क्षमतावृद्धी गर्नुपरेमा आवश्यक कागजातहरु/दस्तावेज सहित नेपाल विद्युत प्राधिकरण, विद्युत व्यापार विभागमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाई सुचित गरिन्छ ।